
स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



नाजिर हुसेन अभिनित नेपाली फिल्म 'गुन्युचोलो' अमेरिकाको प्रतिष्ठित तस्वीर फिल्म मार्केटमा छनोट भएको छ । यो फिल्मसहित अमेरिकी र भारतीय प्रोजेक्ट पनि मार्केटमा छानिएका छन् । अमिताभ बच्चन र दिवंगत अभिनेता इरफानका छोरा बबिलको फिल्म 'द उमेश क्रोनिकल्स' पनि छनोट भएको छ । अमेरिकाको सियाटलमा आयोजना हुने तस्वीर फिल्म फेस्टिभलले यसवर्षदेखि फिल्म मार्केट पनि सुरु गर्दैछ ।

आजको विचार...



सत्ताको...
(दुई पेजमा)

डा. भीम रावल

फिल्म 'छक्कापञ्जा ५' घरेलु बक्स अफिसमा राम्रो कमाइ गरेको छ । प्रदर्शनको सुरुको दिनदेखिनै राम्रो कमाउँदै अगाडि बढेको फिल्मले सोमबारसँग ८ करोडभन्दा बढीको व्यवसाय गरेको वितरक मनोज राठीले बताए । 'फिल्मले सोमबार साँझसम्म ८ करोड बढीको व्यवसाय गरिसकेको छ । यकिन विवरण साँझ मात्र भन्न सकिन्छ', राठीले भने, 'फिल्मको आम्दानी सोचेभन्दा राम्रो छ ।' फिल्मले सुरुवातको दिन देखिनै राम्रो व्यवसाय गर्न सफल भएको कारण यतिछिटो यति धेरै व्यवसाय गरेको राठीको भनाई छ ।



❐ वर्ष ३० ❐ अंक ८७ ❐ २०८१ असोज ३० गते बुधबार 16 October 2024, Wednesday ❐ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### भारत–क्यानाडा सम्बन्धमा दरार

(रासस/एएनआई)

**नयाँदिल्ली,** असोज २९/क्यानाडाका प्रधानमन्त्री जस्टिन टुडोले क्यानाडामा निज्जरको हत्यामा भारतीय एजेन्टहरू संलग्न रहेको आरोप लगाएपछि भारत र क्यानाडाले कूटनीतिक संकटको सामना गरिरहेका छन् । भारतले भने क्यानाडाको आरोपलाई आधारहीन तथा 'राजनीतिबाट प्रेरित' भन्दै अस्वीकार गरेको छ । सन् २०२३ मा ब्रिटिस कोलम्बियामा खालिस्तानी आतङ्कवादी हरदीप सिंह निज्जरको हत्याको अनुसन्धानको सम्बन्धमा क्यानडाले सोमबार छ जना भारतीय कूटनीतिज्ञ तथा अधिकारीहरूलाई निष्कासन गरेको थियो । यसैगरी भारतले पनि भारतबाट क्यानाडाका कार्यवाहक उच्चायुक्त स्टेवार्ड रस ह्विलर, उपउच्चायुक्त प्याट्रिक हेबर्टलगायत छ जना क्यानाडाली कूटनीतिज्ञलाई निष्कासन गर्ने निर्णय घोषणा गरेको छ । रोयल क्यानेडियन माउन्टेड प्रहरी आयुक्त माइक डुहेमले सोमबार भारत सरकारका एजेन्टहरूले गरेका केही आपराधिक गतिविधिका बारेमा जानकारी प्राप्त भएको दाबी गरेका छन् । उनले क्यानाडाका सम्बन्धित निकायले सफलतापूर्वक अनुसन्धान गरेको बताउँदै हत्या र हिंसाजन्य आपराधिक कार्यहरूमा उनीहरूको संलग्नता रहेको आरोप लगाए । सोमबारको विज्ञप्तिमा भारतले क्यानाडाको कूटनीतिक सञ्चारलाई अस्वीकार गर्दै भारतीय उच्चायुक्त र अन्य कूटनीतिज्ञहरू अनुसन्धानमा 'चासोका व्यक्तिहरू थिए' यसलाई 'निराधार आरोपहरू' र तथा जस्टिन टुडो सरकारको राजनीतिक एजेन्डाको हिस्सा भनेको छ ।

## बाहिरियो मनसुन

# बढ्दै देशभर चिसो

हाम्रा सवाददाता

**पाल्पा,** असोज २९/नेपालमा मनसुन बाहिरिएको छ । गत असोज २७ गते नेपालबाट मनसुन पूर्ण रुपमा बाहिरिएको हो ।

मनसुन बाहिरिएसँगै अहिले देशभर चिसो बढ्दै गएको छ । 'पोस्ट' मनसुन चलिरहेकाले क्रमश: चिसो महसुस गर्न थालिएको हो । मौसमविद्हरुले समेत मनसुन सकिएर पोष्ट मनसुन चलिरहेकाले क्रमश: चिसो बढ्दै गएको बताएका छन् । यही असोज ११ र १२ गतेको अविरल वर्षापछि मौसममा सुधार आएको छ । पछिल्ला दिनमा पश्चिमी वायुका साथै स्थानीय वायुको प्रभावले मुलुकका कतिपय स्थानमा भने बदली र वर्षा भइरहेको छ । खुला आकाश भएकाले दिउँसो घाम लागे पनि साँझ र बिहान निकै चिसो महसुस गरिएको हो ।


पछिल्लो केही दिन यता तानसेनमा चिसो क्रमिक रुपमा बढिरहेको कैलाशनगरकी शान्ता ढकालले बताईन् । उनले भनिन्' एक/दुई दिन भयो तानसेनमा चिसो बढेको महसुस गरिएको छ । मौसम



परिवर्तनले होला रुघाखोकीले समेत ग्रसित बनाएको छ ।' साँझ विहान बाक्ला कपडा लगाएर बस्नु परेको ढकालले बताइन् । जल तथा मौसम विज्ञान विभाग मौसम पूर्वानुमान महाशाखाले समेत चिसो बढ्दै गएकाले उच्च सर्तकता अपनाउन आग्रह गरेको छ ।

-बाँकी अन्तिम पेजमा

## सुपा देउराली पुग्ने सडकको विस्तार



**अर्घाखाँची,** असोज २९/देशकै महत्वपूर्ण शक्तिपीठका रुपमा रहेको सुपा देउराली मन्दिरमा आउने धार्मिक पर्यटकलाई लक्षित गरी नयाँ प्रविधिबाट सडक विस्तार गरिएको छ ।

सुपा देउराली मन्दिर जाने चट्टानी भीरमा रहेको साँघुरो सडक फराकिलो बनेपछि सुपा देउराली मन्दिरमा आउने धार्मिक पर्यटकले सुरक्षित महसुस गर्ने छन् । गोरुसिङ्गे-सन्धिखर्क सडकको सुपा देउरालीमा कडा चट्टान भएपछि यसको नयाँ प्रविधि 'रक एन्चोज' प्रयोग गरेर 'ड्रिल' गरेर 'आरसिसी' ढलान गरी सडक विस्तार गरिएको शिवपुर सडक डिभिजन कार्यालय कपिलवस्तुका इन्जिनियर अर्जुन पाण्डेले बताए ।

'लाहुरे बजारदेखि सुपा मन्दिरसम्मको सडकको चौडाइ मुस्किलले साढे चार मिटर हुँदा यातायात आवगमनमा निकै कठिनाइ रहेको थियो', इन्जिनियर पाण्डेले भने, 'हाल सडक डिभिजन शिवपुरबाट सडक स्तरोन्नति भई करिब नौ मिटर चौडाइ बनाइएको छ ।'

-बाँकी अन्तिम पेजमा

## विश्व हात धुने र अन्तर्राष्ट्रिय ग्रामीण महिला दिवस मनाइयो




**पाल्पा,** असोज २९/मंगलबार एकै दिन विश्व हात धुने र अन्तर्राष्ट्रिय ग्रामीण महिला दिवस नेपालसहित विश्वभर मनाइएको छ ।

दुवै दिवस आफैमा महत्वपूर्ण रहेका छन् । हरेक वर्षको अक्टोबर १५ अर्थात् असोज २८ गते विश्व हात धुने दिवस मनाउने गरिन्छ । दिवसका अवसरमा देशभर विभिन्न कार्यक्रम भएका छन् । रोगको संक्रमणबाट बच्न हात धुनु पर्ने सन्देश प्रवाह गर्न कार्यक्रम गरिएको थियो । हात धुँदा साबुनपानीले औंलाका काप/कापमा मिची/मिची कम्तीमा १५ सेकेन्डसम्म धुन स्वास्थ्यकर्मीहरूले सुझाव दिएका छन् । हरेक व्यक्तिको दैनिक क्रियाकलाप र व्यवहारका क्रममा सरसफाइमा सावधानी नअपनाउँदा यस्तो समस्या बढ्ने भन्दै सरोकारवालाहरूले विद्यालय तहदेखि नै सचेतना अभियान सञ्चालन गर्न आग्रह गरेका छन् । विभिन्न सर्वेक्षण र अध्ययनले, सरसफाइको क्षेत्रमा दक्षिण एसियामै नेपालको स्थिति नाजुक रहेको देखाएको छ । करिब ५६ प्रतिशत जनसंख्या व्यवस्थित शौचालयको सुविधाबाहिर छन् । शौचालयको सुविधा भएको परिवारले समेत राम्रोसँग साबुनपानीले हात नधुने गरेको अवस्थामा सुविधा बाहिरका परिवार विभिन्न पानीजन्य रोगको जोखिममा परेका छन् । सरुवा रोगको संक्रमण सबभन्दा बढी हातको फोहोरले हुने गरेको विभिन्न अध्ययनले देखाएको छ ।

नियमित सफासँग हात धुने बानी बसाल्दा धेरै सरुवा रोगबाट बच्न सकिने अध्ययनले देखाए पनि नेपालमा भने बजेटकै अभाव देखाउदै यो दिवस मनाउन छोडिएको छ । यस्तै विभिन्न कार्यक्रम गरी अन्तर्राष्ट्रिय ग्रामीण महिला दिवस मनाइएको छ । नेपालमा ग्रामीण महिलाहरुको भूमिकालाई सम्मान गर्दै वि.सं. २०७० देखि यो दिवस मनाउन थालिएको हो । सयुंक्त राष्ट्र संघको आह्वानमा १८ डिसेम्बर २००७ मा यो दिवस मनाउने निर्णय भए अनुसार १५ अक्टोबर २००८ देखि विश्वव्यापी रुपमा यो दिवस मनाउने क्रम शुरु भएको पाइन्छ । घरभित्रको काममा सिमित ग्रामीण महिलाहरुलाई परिवार र समाजको महत्वपूर्ण भूमिका निर्वाह गर्नसक्ने स्थानमा पुर्‍याउने पवित्र भावनाले यो दिवस मनाईन्छ । ग्रामीण महिलाहरुलाई घरको काम बाहेक आयआर्जन मुलक काममा सहभागीता गराई गरिबी न्यूनिकरणमा टेवा पुर्‍याउनु यो दिवसको प्रमुख उद्देश्य रहेको छ । दिगो विकासका लागि आर्थिक, वातावरणीय र सामाजिक परिवर्तनका लागि ग्रामीण महिलाहरुको महत्वपूर्ण भूमिका रहने गर्दछ । तर नेपाल जस्ता विकासोन्मूख देशहरुमा भने सम्पति, स्वास्थ्य र शिक्षामा महिलाको पर्याप्त पहुँच भने पुग्न सकेको छैन ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## विश्व खाद्य दिवसको सन्दर्भ

**संयुक्त राष्ट्रसंघको खाद्य तथा कृषि संगठन (एफएओ) स्थापना भएको सम्झनामा आज विश्वभर खाद्य दिवस मनाउँदैछ । विश्व खाद्य शिखर सम्मेलन– १९९६ ले संसारबाट भोकमरीलाई दिगो रूपमा हटाउन गरेको प्रतिवद्धतालाई सन् २००९ को नोभेम्बरमा आयोजित खाद्य सुरक्षासम्बन्धी विश्व सम्मेलन (जसलाई भोकमरी सम्मेलनका नामले पनि चिनिन्छ) ले पूर्णरूपमा सफल पार्न घोषणापत्र जारी गरेको थियो । सोही घोषणा अनुसार हरेक वर्ष १६ अक्टोवरमा यो दिवस मनाउँदै आइएको छ । सन् १९५१ नोभेम्बरमा खाद्य तथा कृषि संगठनको सदस्यता पाएको नेपालले २०३८ साल (सन् १९८१) देखि यो दिवस मनाउँदै आएको हो । नेपालले मनाएको पहिलो खाद्य दिवसको नारा 'उब्जनी बढाऔं, सन्तुलित खाना खाऔँ, बढी जोगाऔँ' थियो तर नारा र घोषणामा प्रतिवद्धता जनाए अनुरुप नेपालले कृषि तथा खाद्यान्न उत्पादन, सञ्चिती र वितरणमा भने खासै प्रगति गर्न सकेको छैन । यो अत्यन्त दुःखको कुरा हो । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कारणले नेपालको कृषिक्षेत्रमा आएको सुस्ततासँगै खाद्य सुरक्षाको चुनौती पनि बढ्दो छ । कृषिमा न्यून लगानी, जलवायु परिवर्तनको असर लगायतका कारणले पछिल्ला वर्षहरूमा कृषिक्षेत्रको उत्पादन सन्तोषजनक छैन ।**

**अहिले नेपालमा सजिलै उत्पादन हुने गेडागुडी, मासु, तरकारी र फलफूल समेत आयातको सूचीमा छन् । समृद्धिको भाषण गर्न नथाक्ने नेताहरुको प्राथमिकतामा कृषि कहिल्यै परेन । राष्ट्रवादका नाराले मात्र कृषि उत्पादन बढेन, भोका किसानको पेट भरिएन, न त युवा किसानको खाडी यात्रा नै रोकियो । कृषिको दीर्घकालीन रुपान्तरणका लागि समयमै आवश्यक पहल गर्न नसक्ने हो भने केही वर्षपछि हामीले खाद्यान्न आयात दिवस मनाउनुपर्नेछ । ६० प्रतिशत कृषि व्यवसाय र ५८ प्रतिशत कृषियोग्य भूमि रहेको नेपाल आफ्नै उत्पादनबाट आत्मनिर्भर बन्न नसक्नु जत्तिको विडम्वना अरु केही हुन सक्दैन । कृषि शिक्षामा विद्यार्थीहरूलाई प्रोत्साहन, आकर्षण गर्न नसक्नु, सरकारी नीति निर्माणका कुराहरूमा गफ धेरै काम कम हुनुले पनि नेपाल खाद्यान्नमा आत्मनिर्भर बन्न सकिरहेको छैन । कृषिलाई उद्योगका रूपमा परिभाषित गर्नुअहिलेको आवश्यकता हो । यसर्थ बदलिएको कृषि विकासका आयामहरूको विश्लेषण गरी आम राजनीतिक प्रतिवद्धतासहितको स्पष्ट दृष्टिकोण बनाई कृषि क्षेत्रको रुपान्तरण गर्न सके मात्र विश्व खाद्य दिवस मनाउनुले सार्थकता प्राप्त गर्दछ ।**

### Opinion @ Social Network

'उमेर ले सम्मान पाउने होईन व्यवहार ले हो,
उमेर ठूलो भएर के गर्नु व्यवहार तपाईको सम्मान गर्ने लायक नै नभएसी ।'
*(सरिता कार्कीकोफेसबुक स्टाटसबाट www.facebook.com//karki.sarita)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# सत्ताको दुरुपयोग र अनैतिक राजनीतिद्वारा भ्रमको खेती !



## डा. भीम रावल

तथ्यबाट सत्य पत्ता लगाउनु, छलफल र बहसबाट निष्कर्षमा पुग्नु मार्क्सवादको मान्यता हो । विचारको विविधता, अभिव्यक्ति र संगठनको स्वतन्त्रताको नेपालको संविधानले नै प्रत्याभूत गरेको छ । नेकपा (एमाले) को जनताको बहुदलीय जनवादले बहस र छलफललाई आत्मसात् गर्दै फरक मतको सम्मान गर्ने कुरा गरेको छ । फरक मतको सम्मान गरिने कुरा एमालेको विधान मै उल्लेख छ । तर यसको विपरीत केही समय यता विभिन्न जिम्मेवारीमा रहेका केही व्यक्तिहरू नै फरक मतप्रति शत्रुवत् व्यवहार गर्ने, कार्यकर्ताहरूको चुन्ने र चुनिन पाउने अधिकारमाथि हस्तक्षेप गर्दै "आफ्ना" मानिसहरूलाई मात्र उम्मेदवार हुन दिने वा जबरजस्ती टीका लगाइ दिने वा अधिवेशन नै लम्ब्याएर पद सुम्पने क्रियाकलाप गरिरहेको व्यापक गुनासो सुनिन्छ । यही परिवेश र सन्दर्भमा मैले राष्ट्रियता, जनतन्त्र र जनजीविका सम्बन्धी विषयलाई महत्वका साथ उठाउँदा प्रहारको सामना गरिरहनु परेको छ । देश विभाजनको कुरा गर्ने, कम्युनिष्टहरुलाई समाप्त गर्ने लक्ष्यको उद्घोष गर्ने, एमालेलाई कमजोर पार्ने वा विभाजन गर्नेहरू कतिका लागि "मित्र र निकट" तर नेपालको स्वाधीनता, स्वाभिमान, समृद्धि तथा एमालेको विधिसम्मत सञ्चालन प्रणाली तथा राष्ट्रको सर्वोपरि हितको कुरा गर्ने म जस्ता मानिसहरू "शत्रु" ठानिएको प्रतीत हुन्छ । यो देश र पार्टीलाई बलियो बनाउने र समाजवादको लक्ष्यतर्फ अग्रसर हुने चिन्तन र कार्यशैली कदापि हुन सक्दैन । यस्तै प्रवृत्ति, चिन्तन, शैली र व्यवहारको एउटा उदाहरण हालै सुदूरपश्चिम प्रदेशमा प्रकट भएको छ । पार्टीको जिम्मेवार पदमा रहेकाहरूले नै तथ्यहीन कुरा गर्नुका साथै सार्वजनिक रूपमा प्रेस वक्तव्यबाट धम्की दिएपछि थप कुरा लेख्न म बाध्य भएको छु । नेकपा (एमाले) का केन्द्रीय सचिव लेखराज भट्टले २०८१ साल असोज ११ गतेको नेपाल प्रेसमा अन्तरवार्ता दिँदै उपाध्यक्ष विष्णुप्रसाद पौडेलको संयोजकत्वमा पार्टीद्वारा गठित वार्ता समितिसँग २०८० साल वैशाख २१ गते पार्टी केन्द्रीय कार्यालयमा मेरो वार्ता भएको विषयमा झुटा कुरा गरी एमाले पङ्क्तिमा भ्रम सिर्जना गर्ने कार्य गर्नुभएकोले त्यो दिन मैले के भनेको थिएँ र सहमति के भएको थियो भन्नेबारे यथार्थ खोली सामाजिक सञ्जालमा प्रेषित गरेको थिएँ । हुँदै नभएका कुरा सार्वजनिक रूपमा गरी कसैको विरुद्ध भ्रमको खेती गर्ने नभई समस्या र अन्तर्विरोधको समाधान गर्ने नेतृत्वको दायित्व हुने पार्टीको परिपाटी तर्फ ध्यान आकर्षित गरेको थिएँ । सार्वजनिक रूपमा नभएका कुरा गरी व्यक्तिगत किसिमले प्रहार गर्ने कामको थालनी स्वयं लेखराज भट्टले अन्तरवार्ता दिएर गर्नुभएको तथ्य स्पष्ट छ । अन्तरवार्तामा असत्य कुरा गरिएकोले मैले केवल सत्य-तथ्यको जानकारी मात्र गराएको थिएँ । यदि मैले भनेका कुरा गलत थिए भने स्वयं लेखराजबाट आफ्ना कुरा भन्ने नैतिक आँट हुनुपर्ने हो । त्यसको विपरीत पर्दा पछाडि बसेर वार्तामा हुँदै नभएका र त्यसबारे प्रत्यक्ष कुनै जानकारी नै नभएका प्रदेश कमिटीका अध्यक्ष कृष्ण प्रसाद जैसीलाई पार्टीको कागज र छापको प्रयोग गरी प्रेस वक्तव्य दिन लगाएर पुनः एमाले पङ्क्तिलाई सत्यबाट विमुख गराउन खोजेको देख्दा आश्चर्य लागेको छ । यस्तो कार्य अनैतिक राजनीति र सत्ताको चरम दुरुपयोग ठहर्छ । अब उक्त वक्तव्यमा उल्लेखित भ्रामक एवं द्वेषपूर्ण कुराको चर्चा गरौँ ।

**१) भ्रम सिर्जनाबारे:** माथि भनिएको वार्ताबारे लेखराज भट्टबाट सार्वजनिक रूपमा नेपाल प्रेसमा तथ्यहीन कुरा गरिएकोले मैले त्यसबारे तथ्य-सत्य कुरा सबैलाई जानकारी गराउँदा मैले "भ्रम सिर्जना" गरेको हुन्छ कि पार्टीको जिम्मेवार पदमा बसेको व्यक्तिले झुटा कुरा गरी अन्तरवार्ता दिँदा भ्रम सिर्जना गरेको ठहर्छ ? तथ्य विपरीत कुरा गरी "भ्रम सिर्जना" गर्ने काम लेखराज भट्टबाट नेपाल प्रेस मार्फत पहिले गरिएको होइन र ?

**२) अध्यक्षले बोलाएपछि मात्र जान्छु भनेकोबारे:** मैले यस अघि नै भनिसकेँ, २०८० साल वैशाख २१ गते पार्टी केन्द्रीय कार्यालय च्यासलमा विष्णु पौडेल, लेखराज भट्ट र कर्ण थापासँगको वार्तामा मैले तपाईंहरू वा अरू कसैसँग मेरो व्यक्तिगत केही छैन मेरा राजनीतिक, वैचारिक र विधिगत कुराहरू छन्, यसबारे सबै गएर अध्यक्षसँग कुरा गरौँ । उहाँका कुरा सुनेपछि फेरी बसौला भनेको र उहाँहरूको त्यसमा सहमति रहेकोमा उहाँहरूले त्यस्तो कुराको लागि पहल गर्नु भएन । लेखराज भट्टबाट उल्टो "तपाईंहरूसँग मेरो केही छैन, अध्यक्षसँग हो मेरो भन्नु भयो" भन्दै सार्वजनिक रूपमा नै झुटा बोलिएकोले मैले सत्य कुरा मात्र सबैलाई जानकारी गराएको हुँ ।

**३) अध्यक्षसँग वार्ता गर्नेबारे:** वार्ताको लागि बोलाइएपछि मैले २०८० साल साउन ३० गते अध्यक्ष के.पी. ओलीसँग कुरा गर्दा फेरी कुरा गर्ने भनिएकोमा समय मिलाउने जिम्मेवारी मेरो हो कि पार्टी नेतृत्वको हो? प्रदेश इन्चार्जको हैसियतले लेखराज भट्टबाट अध्यक्षसँग वार्ता गराउन आजसम्म के के प्रयास गरियो त? मेरो वास्तविक भनाई र भावना के हो भन्नेबारे उहाँले मसँग जान्ने र बुझ्ने किन कहिल्यै प्रयास नगरेको र मसँग कुरा नगरेको त ? स्वयं कृष्ण प्रसाद जैसी लगायत दुई जना केन्द्रीय सदस्य र जिल्ला अध्यक्ष सहितले २०८० साल चैत ९ गते बिहान मेरो घर कालाआममा मसँग कुरा गर्दा वार्ताका लागि तयार भएको जानकारी गराउनुका साथै पार्टीलाई सबल बनाउन सकारात्मक कुरा गरेको थिएँ । सो कुराकानीमा जैसी लगायतका व्यक्तिहरूले अध्यक्षसँग वार्ता गराउन पहल गर्ने भनी सहमति भए अनुसार के के गरियो त? त्यहाँ भएका सहमतियुक्त कुराको कार्यान्वयन किन नगरिएको त? उल्टै सो वार्ता पछि महाधिवेशन प्रतिनिधि परिषद्को गोदावरीमा भएको बैठकमा मेरो अधिकारलाई कुल्चेर परिचय पत्रसमेत नबाइएपछि प्रदेश इन्चार्ज र अध्यक्ष लगायतका व्यक्तिहरूको अत्तोपत्तो किन भएन? मैले २०८१ साल असार १९ गते कुराकानीका लागि स्वयं अध्यक्ष के.पी. ओलीलाई फोन गरेको थिएँ । साथै सोही दिन कुराकानीका लागि समय मिलाउन उपाध्यक्ष विष्णु पौडेललाई फोनमा आग्रह गरेको थिएँ । तर न फोन उठ्यो न कुनै जवाफ आयो । यस अघि २०८१ साल जेठ ६ गते उपमहासचिव प्रदीप ज्ञवालीसँग काठमान्डुमा राम्रो किसिमले भएको कुराकानीमा अध्यक्षसँग कुरा गरौँ भनेको थिएँ र उहाँले म मिलाउने प्रयास गर्छु भन्नु भएको थियो । तर पछि कुनै जवाफ आएन । अनि अध्यक्षसँग मैले वार्ता गर्ने भनेको के हो? मैले कुरा गर्न नचाहेको भन्ने भ्रम सिर्जना गर्नुको आशय के हो? के वार्ताको नाटक वा रट लगाएर सत्य-तथ्यमाथि पर्दा हाल्न वा देशभक्तिपूर्ण भावनाबाट देश र जनताको पक्षमा बोली बन्द गर्नुपर्ने हो र? पार्टी सदस्य र जनप्रतिनिधि हुँदा खाएको शपथमाथि आफै तुसारापात गर्नुपर्ने हो र ? यस सन्दर्भमा अरू पनि धेरै तथ्य छन्, अहिले यत्ति नै पर्याप्त होला ।

**४) पार्टी र आन्दोलनको पक्षमा वकालत गर्नेबारे:** मैले २००६ सालदेखि कम्युनिस्ट पार्टीले भन्दै र उठाउँदै आएका र नेकपा (एमाले) ले विभिन्न महाधिवेशन एवं पाँचौँ राष्ट्रिय महाधिवेशनबाट पारित जनताको बहुदलीय जनवादसम्बन्धी दस्तावेजमा राष्ट्रियता, जनवाद र जनजीविका, सिद्धान्त, कार्यक्रम, आचरण, शैली र विधिबारे बोल्दै तिनको पक्षपोषण गर्दै आएको छु । यो काम पार्टी र आन्दोलनको पक्षमा होइन र? पार्टीका घोषित सिद्धान्त, कार्यक्रम, नीतिको पक्षमा बोल्नु पार्टी र आन्दोलनको पक्षमा वकालत होइन र? गलतलाई गलत, झुटालाई झुटा भन्नु तथा भ्रष्ट, अनैतिक तथा पार्टीले प्रतिगामी भन्दै आएकाहरुसँगका अवाञ्छित साँठगाँठबाट नेपालमा समाजवाद आउनु त टाढाको कुरा नेपालको स्वाधीनता र जनताको हक-हितको संरक्षण समेत हुन सक्दैन भन्नु के पार्टी विरोधी र कम्युनिस्ट आन्दोलन विरोधी कुरा हो र? मैले पाँच दशक लामो राजनीतिक जीवनमा अविचलित रूपमा देश, जनता र पार्टीको सिद्धान्त र आदर्शमा दृढताका साथ उभिँदा कुन प्रतिक्रियावादी र देशघातीको हितमा बोलेको ठहर्छ र ? अतः कार्यकर्तालाई सिद्धान्त, आदर्श र देशभक्तिबाट विमुख गराएर व्यक्ति विशेषका सत्ता स्वार्थ र शक्ति पूजामा लाग्न प्रेरित गर्ने कुनै पनि कार्य बरु पार्टी र कम्युनिस्ट आन्दोलन विरोधी ठहर्छ । इतिहासले यही प्रमाणित गर्छ । पद नपाउँदा वा सत्ता स्वार्थमा धक्का लाग्ने स्थिति देखिएपछि पार्टी नै छोड्ने वा पार्टी विरुद्ध सामाजिक सञ्जालमा बोल्नेहरूले नै कतै पार्टी र आन्दोलनको पक्षमा वकालतको ढ्वाङ्ग फुक्ने गरिरहेका त छैनन् भनी एमाले पङ्क्तिमा चर्चा हुने गरेको छ ।

**५) कार्यकर्ताको विश्वास टुट्नेबारः** केन्द्र, प्रदेश र जिल्लाका कुनै पनि कार्यक्रममा मलाई सहभागी हुन नदिने, लामो समयसम्म गरेको कामको आधारमा मलाई विश्वास र माया गरेर विभिन्न कार्यक्रममा आमन्त्रण गर्ने तथा भेटघाट गर्ने कार्यकर्तालाई "तिम्रो नम्बर घट्छ, योजना पाउने छैनौँ" भनी निरङ्कुश र तानाशाही शैलीमा धम्क्याउने अनि मैले देश, जनता एवं सत्य-तथ्यको पक्षमा बोल्दा पार्टीको कागज र छाप मलाई धम्क्याउन दुरुपयोग भएकोमा वक्तव्यमा मप्रति "कार्यकर्ताको विश्वास टुट्ने" कुरा गर्दै गोहीको आँसु झारे गर्नुको केही अर्थ हुन्छ र ?

**६) भ्रम नछर्न चेतावनी बारे:** कृष्ण प्रसाद जैसीले प्रदेश अध्यक्षको हैसियतले साँच्चि नै एमालेलाई बलियो बनाउन चाहेको भए नेपाल प्रेसको अन्तरवार्तामा झुटा कुरा गरी अन्तर्विरोध बढाउने कुराको थालनी गर्ने लेखराज भट्टलाई "चेतावनी" दिन सक्नु पर्थ्यो । "चेतावनी" देशलाई विभाजन गर्न खोज्ने, कम्युनिस्ट पार्टीले २००६ सालदेखि प्रतिक्रियावादी भनिएकाहरूसँग साँठगाँठ गरी निहित स्वार्थपूर्ति गर्ने, कम्युनिस्ट नैतिकता टाढाको कुरा सामान्य सामाजिक मर्यादासमेत मिचेर बदनाम, विगतमा नेकपा (एमाले) लाई समाप्त गर्न त्यसलाई विभाजन गर्ने, भ्रष्टाचारका काण्ड गर्दै देशमाथि घात गर्ने, दलाल र बिचौलियाहरूसँग गठजोड गरी राष्ट्रलाई क्षति पुर्‍याउने, कार्यकर्ताको हत्या गर्नेहरूको बारे चुइँक्क नबोल्ने चरित्रले के पार्टी र कम्युनिस्ट वा समाजवादी आन्दोलन बलियो होला भनी कसैले विश्वास गर्छ र? लेखराज भट्ट र कृष्ण प्रसाद जैसी जिम्मेवार सुदूरपश्चिम प्रदेशको दार्चुला जिल्लामा नेपाली भूमि मिचिएको छ, कैलाली र कञ्चनपुर जिल्लाका कतिपय सीमा क्षेत्र मिचिएका छन्, नेपाली संस्कृति र अस्मितामाथि प्रहार भइरहेको छ । यस्ता कुरामा बोलेको वा वक्तव्य दिएको कतै सुनिँदैन, देखिँदैन। तर देशको आधारभूत हित, स्वाधीनता र स्वाभिमानको रक्षा र जनताको समृद्धिको लागि निरन्तर, अविचलित र स्पष्ट रूपमा योगदान गर्दै आएको र बोल्दै आएको पार्टी सदस्यलाई प्रेस वक्तव्यद्वारा "चेतावनी" दिने धम्कीपूर्ण घृष्टता कुन विधि, विधान र पद्धतिमा पर्दछ? यस्तो धम्कीलाई म पूर्ण रूपमा अस्वीकार गर्दछु । यस्तो गलत शैलीले क्षति मात्र हुने हुँदा परित्याग गर्न सुझाव दिन चाहन्छु । धाक-धम्कीबाट कोही विचलित हुने छैन । सिद्धान्त, आदर्श, सत्य र न्यायको पक्षमा सम्पूर्ण देशभक्त र इमानदार पार्टी नेता र कार्यकर्ताका जनसमुदाय दृढतापूर्वक उभिने छन् भन्नेमा म विश्वस्त छु । स्मरण रहोस्, देश, जनता र कम्युनिस्ट पार्टीको पक्षमा उभिँदा पञ्चायत मण्डलेले धम्की दिन्थे, बहुदलमा नेकपा (एमाले) को विकास र विस्तार गर्दा कांग्रेसले धम्की दिन्थे, द्वन्द्वकालमा पार्टी र जनताको रक्षाको लागि उभिँदा माओवादी भनिनेहरूले धम्की दिन्थे । विडम्बना, अहिले देश र जनता, सिद्धान्त, आदर्श र सत्यको उभिँदा लेखराज भट्टको अख्तियारीमा विगतमा माओवादी अपहरणमा पर्दा मैले नै अभियान चलाएर जोगिएका कृष्ण प्रसाद जैसीबाट "चेतावनी" दिइयो । यस्तो "चेतावनी"को मैले मात्र होइन, नेकपा (एमाले) मा लामो समय निरन्तर रगत-पसिना बगाएका सबै इमानदार, देशभक्त नेता र कार्यकर्ताले पूर्ण रूपमा अस्वीकार र विरोध गर्नेछन् । सत्य र न्याय स्थापित भइछोड्ने छ । *-रातोपाटि डटकम*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५,४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

**मेष** : रमणीय र सुखद् यात्राको योग छ । आँटेको र ताकेको कार्य पुरा हुनेछ।
**वृष** : नयाँ कार्य प्राप्तिको योग छ । काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ।
**मिथुन** : एउटै कामबाट दोहोरो लाभ मिल्नसक्छ । नजिकै घुम्न पनि पाइनेछ।
**कर्कट** : गरेको काममा ढिलासुस्ती हुनेछ। विचार गरेर निर्णय लिनु उचित होला ।
**सिंह** : दाम्पत्य सम्बन्ध बलियो हुनेछ । वित्तिय संस्थाबाट सहयोग पनि पाइनेछ ।
**कन्या** : इच्छा र आकाङ्क्षा पूर्ण हुनेछ। चिताएको कामले तीव्रता लिनेछ ।
**तुला** : लगनशीलताको कमीले गर्दा ठूलो उपलब्धि हात पार्न नसकिएला ।
**वृश्चिक** : अधिकारको लागि संघर्ष गर्नु पर्नेछ । काममा संलग्न हुनुपर्ने समय छ ।
**धनु** : धर्म कर्म जस्ता कार्यमा मन लाग्नेछ। रोजगारको अवसर मिल्नेछ ।
**मकर** : नयाँ ज्ञान सिक्ने मौका मिल्नुका साथै नयाँ कार्यको योजना बन्नेछ ।
**कुम्भ** : आम्दानी बढाउने काम सुचारु गर्न सकिनेछ । सफल यात्राको योग छ ।
**मीन** : विचार विपरित निर्णय हुनेछ । साझेदारीको काममा उल्झन आउनेछ ।

# कला मनोरञ्जन

## 'जय माँ काली आयो गोरखाली' बलिउड चलचित्र वेधा

बलिउड चलचित्र 'वेदा' ले गोर्खाको भाषा बोलेको छ । भारतीय गोर्खा सेनामा भर्ती भएका गोर्खालीको शक्ति देखाएको छ । 'जय माँ काली आयो गोरखाली' लाइन चलचित्रको नायक भारतीय गोर्खा सैनिकले हातको नाडीमा लखेर नेपाली गोर्खालीकोसमेत सम्मान गरेको छ ।



चलचित्रमा कथाले गोर्खा राइफल अफिसर मेजर अभिमन्यु कनवर (जोन इब्राहिम) लाई जता लगेको भए पनि जस्तोसुकै परिस्थितिमा गोर्खाले सत्यको साथ दिएको देखाइएको छ । खासमा यो चलचित्र भारतमा कथित तल्लो जातमाथि गरिएको ज्यादतीमा आधारित छ । जिल्लाका गाउँहरू जोडेर अथित रुपमा गठन गरिएको प्रधानको व्यवस्था र प्रधानका अगाडि प्रहरी प्रशासनसमेत कठपुतली बन्नुपर्ने अवस्था देखाइएको छ ।

*चलचित्रमा कथाले गोर्खा राइफल अफिसर मेजर अभिमन्यु कनवर (जोन इब्राहिम) लाई जता लगेको भए पनि जस्तोसुकै परिस्थितिमा गोर्खाले सत्यको साथ दिएको देखाइएको छ । खासमा यो चलचित्र भारतमा कथित तल्लो जातमाथि गरिएको ज्यादतीमा आधारित छ । जिल्लाका गाउँहरू जोडेर अथित रुपमा गठन गरिएको प्रधानको व्यवस्था र प्रधानका अगाडि प्रहरी प्रशासनसमेत कठपुतली बन्नुपर्ने अवस्था देखाइएको छ ।*

जसमा कथित तल्लो जातिकी वेधा (शरवरी) ले बक्सिङ सिकेर विद्रोह गर्न तत्पर भएकी छिन् भने त्यही गोर्खा पल्टन जसले भारतीय सेनाबाट पाकिस्तानमा गएर अपराधी मारेर फर्किन्छ । तर कोर्ट मार्सल भएर जागिरबाट हात धोएपछि आफ्नी मृत्यु भएकी पत्नीको माइतीमा गएर बसेर वेधालाई साथ दिन्छ । कथामा विद्रोह गर्न सिकाइएको छ । जातभात त स्वार्थका लागि रचिएको रचना भएको उल्लेख गरी गरी बदला लिन चलचित्रमा देखाइएको छ । अभिमन्युले तत्काल बदला लिन सिकाए पनि वेधाले भने आफू पराजित नै भए पनि कानूनको सहारा लिन नछाड्ने अडान लिन्छिन् । अन्तत: उनको जित हुन्छ । यद्यपि आफूले अन्तिम सास लिनुअघि अभिमन्युले शासक प्रधानको ज्यान भने लिइसकेको हुन्छ । प्रधानले अधिकार आफ्नो हातमा लिएर जिल्लाको सबै घटनाको पेशी, कारबाही र फैसला सबै आफैंले गर्दै आइरहेको थियो । शक्तिका अगाडि सबै झुक्न बाध्य थिए । यो चलचित्र मनोज-बबली (२००७) र मीनाक्षी कुमारी (२०११) को भयानक वास्तविक घटनाबाट प्रेरित रहेकोसमेत उल्लेख छ ।

सन् २०११ मा सर्वोच्च अदालतले यो मामलाको सुनुवाइ गर्दै 'अरुमुगम सर्वई विरुद्ध तमिलनाडु राज्य (२०११) ६ एससीसी ४०५' तथा एक ऐतिहासिक फैसलामा एक अष्ट्रेलियाली अदालतको रुपमा वर्णित गरेको थियो । भारतको सर्वोच्च अदालतले भन्यो, 'यस्तो बैठक पूर्णरुपले अवैध हो तथा यसलाई गम्भीर रुपले अन्य गर्नुपर्छ । यो असत्य हो कि वेदले जाति व्यवस्थाको रचना गरेको हो ।' अदालतले भनेको छ कि, 'वेदले सबै मानिसका लागि एक जाति बताएको छ । अगाडिको विभाजनलाई 'वर्ण' भनेको छ जुन केवल पेशामा आधारित वर्गीकरण हो ।'


प्राय: बलिउडका चलचित्रमा नेपालीलाई 'बहादुर' भनेर नोकरको भूमिकामा देखाइए पनि यो चलचित्रले भने स-सम्मान 'जय माँ काली आयो गोरखाली' भनेर सम्मान दिएको छ । अशीम अरोडाको लेखन तथा निखिल अड्वानीको निर्देशनमा बनेको यो चलचित्र जोन इब्राहिम आफैंले निर्माण गरेका हुन् ।

जोनका चलचित्रमा एक्सन हुन्छ । यसमा एक्सनसँगै सन्देश पनि मिसिएको छ । करिब २ घण्टा २४ मिनेटको यो चलचित्र शुरु भएपछि सकिएको पत्तो हुन्न । अर्थात् अन्तिममा के हुन्छ भन्ने लगभग अगाडि नै तय भए पनि कथा भने बगेको छ ।

*-हाम्रोकुरा डटकम*

## 'फेरि रेशम फिलिली' घोषणा

९ वर्षअघि प्रदर्शनमा आएको फिल्म 'रेशम फिलिली'को दोस्रो श्रृंखला निर्माण हुने भएको छ । 'फेरि रेशम फिलिली' शीर्षकमा बन्न लागेको फिल्मको शुक्रबार एक पोस्टरमार्फत् कलाकारको 'लाइनअप' सार्वजनिक गरियो । अघिल्लो श्रृंखलाका मुख्य कलाकारद्वय विनय श्रेष्ठ र कामेश्वर चौरासियालाई लिएर बन्न लागेको फिल्ममा अभिनेत्री मेनुका प्रधान भने नदोहोरिने भएकी छन् ।




फिल्ममा विनय र कामेश्वरसहित सुपुष्पा भट्ट, नीर शाह, लक्ष्मी गिरी, प्रकाश घिमिरे, शिशिर वाङ्देल, रविन्द्र झा, महेश त्रिपाठी, एवनराज उप्रेती, मेक्सम गौडेल लगायतको अभिनय रहने पोस्टरमा उल्लेख छ । फिल्ममा निर्देशक पनि परिवर्तन भएका छन् । पहिलो श्रृंखलालाई प्रणव जोशीले निर्देशन गरेकोमा 'फेरि रेशम फिलिली'लाई निरोज महर्जनले निर्देशन गर्नेछन् ।

'दिमाग खराब'का निर्माता रौनक विक्रम कँडेलको निर्माण रहने फिल्मको कार्यकारी निर्मातामा सुरज बम ठकुरी र सह-निर्मातामा एनी थापा छन् । सिनेमा आर्टसले वि मोशन पिक्चर्सको सहकार्यमा गरेको फिल्ममा सुसन प्रजापतीको छायांकन, निरोज महर्जन र आकाश बरालको पटकथा तथा कालीप्रसाद बाँस्कोटा, एसडी योगी, हर्क साउद, जयन वाइबा र दीपक शर्माको संगीत रहनेछ । २०७२ सालमा प्रदर्शन भएको 'रेशम फिलिली' त्यसबेला भूकम्पको मारमा परेको थियो । फिल्मले भव्य ओपनिङ गरेको भए पनि रिलिजकै भोलिपल्ट भूकम्प जाँदा व्यापार प्रभावित बन्यो । केही महिनापछि पुन: प्रदर्शन भए पनि फिल्मले अपेक्षित व्यापार गर्न सकेन । यद्यपि, समीक्षा राम्रो मिलेको थियो । र, फिल्मको 'जालमा...' गीत त्यसबेला सर्वाधिक लोकप्रिय बनेको थियो ।

*-फिल्मीखबर डटकम*

## चर्चा पाइरहेको प्रकाश दुतराजको गीत 'रेशम'

यतिबेला प्रकाश दुतराजको गीत 'रेशम' चर्चामा छ ।

यो गीतमा थुप्रैले टिकटक र फेसबुक रिल्स भिडिओ बनाएका छन् । त्योसँगै युट्युबमा गएर गीत हेर्ने र सुन्नेहरू बढेका छन् । जसका कारण गीतको युट्युब भ्युज निरन्तर बढिरहेको छ । प्रकाश दुतराजले दसैंको अवसर पारेर अघिल्लो सोमबार गीत सार्वजनिक गरेका थिए । गीत रिलिजसँगै यसले चर्चा पाउँदै गएको हो । मंगलबार बिहानसम्म यसको भिडिओलाई युट्युबमा ३७ लाखपटक हेरिएको छ ।



प्रकाश र मेलिना राईको युगल स्वर रहेको यो गीत सुमधुर सुनिन्छ । यो प्रेम गीतको शब्द र संगीत पनि दुतराजकै हो । भेडा गोठालाको प्रेमकथालाई चित्रण गरिएको र लेकमा खिचिएको यसको भिडिओलाई पनि दर्शकले रूचाएका छन् । भिडिओमा दुतराजसँगै विमला लिम्बुको अभिनय छ। निर्देशन र कोरियोग्राफी मौसम हिमालीको हो । भिडिओमा अनिल मानन्धरको छायांकन, नवीन घर्ती मगरको सम्पादन छ। प्रकाशको यसअघि 'रिमै' गीतलाई पनि स्रोता दर्शकले रूचाएका थिए । त्यसअघिका 'चोली मैलै भो, घर कता हो बैनीको, जाम भो माइली, जुन माया' इत्यादी गीतहरू पनि रूचाइएका छन् ।

*-सेतोपाटी डटकम*

## 'भ्यालेन्टाइन डे'मा रिलिज हुँदै 'ताण्डवम्'




चलचित्र 'ताण्डवम्'को प्रदर्शन मिति घोषणा गरिएको छ । भ्यालेन्टाइन डे अर्थात् फागुन २ गते चलचित्र प्रदर्शन हुने निर्माणपक्षले जनाएको छ ।

'ताण्डवम्' नेपाली सिनेमाका कलरिस्ट जुनिम गहतराजको डेब्यु निर्देशनमा तयार हुँदै छ । पोस्टप्रोडक्सनमा रहेको चलचित्रको थिम पोस्टर पनि सार्वजनिक गरिएको छ । निर्देशक जुनिमले यो चलचित्रबाट अभिनयमा डेब्यु पनि गरेका छन् । चलचित्रमा उनको अपोजिटमा डेब्यु अभिनेत्री सरिना मगर छिन् ।जुनिम र सरिनासँगै अंकित खड्का, पुस्कर गुरुङ, प्रेम सुब्बा, अनोज पाण्डेलगायत कलाकारको अभिनय छ । सिनेमाका निर्माता धनकुमारी गहतराज, सविना मगर र मनिष गौतम हुन् । घले लामाले खिचेको सिनेमामा सम्राट बस्नेतको एक्सन निर्देशन रहेको छ । सिनेमाको कथा, पटकथा तथा संवाद अनिरुद्ध आत्रेय र हुसेनले लेखेका हुन् ।

*-बाह्रखरी डटकम*

## 'फिरफिरे फिरिरी' को पोस्टर सार्वजनिक

हरर कमेडी जनरामा बनेको चलचित्र 'फिरफिरे फिरिरी' को अफिसियल पोस्टर सार्वजनिक गरिएको छ । बिन्दबासिनी क्रियसनको ब्यानरमा निर्माण गरिएको चलचित्र 'फिरफिरे फिरिरी' मनोज कुमार अधिकारीले निर्माण गरेका हुन् । अधिकारीले यस अघि चलचित्र 'नौ डाँडा पारी' र 'मंगलसुत्र' निर्माण गरेका थिए । पछिल्लो समय संसारभर हरर कमेडी फिल्मले राम्रो दर्शकको साथ पाई रहेको बेला अधिकारीले नेपाली हरर कमेडी फिल्म 'फिरफिरे फिरिरी' को निर्माण गरेका हुन् । आगामी कार्तिक २२ गते छठ पर्वको दिनबाट प्रदर्शनमा आउने चलचित्रले हेरुञ्जेल दर्शकलाई पूर्ण मनोरंजन दिनेमा निर्माता अधिकारी बिस्वस्त छन् । गत साता चलचित्रको शिर्ष गीत सार्वजनिक गरिएको थियो। सार्वजनिक गीतले यु ट्युबमा दर्शकको राम्रै प्रतिक्रिया पाईरहेको छ। चलचित्र 'फिरफिरे फिरिरी' मा सन्दिप श्रेष्ठ र नबिन भट्टको लेखन रहेको छ ।




यसै चलचित्रबाट सन्दीप श्रेष्ठ र भावना उप्रेतीले नेपाली रजतपटमा डेब्यु गर्दैछन् । चलचित्रको सार्वजनिक पोस्टर अनन्त घिमिरेले डिजाइन गरेका हुन् । यस चलचित्रमा मनोज कुमार अधिकारी, सन्दिप श्रेष्ठ, भावना उप्रेती, रबिना केसी, पुष्प अवस्थी, सूर्यमान लिम्बुलगायतका कलाकारको अभिनय रहेको छ । चलचित्रमा जितु तामाङको छायांकन, रोशन दास, प्रकाश दाहाल र अगिन सुवेदीको सहायक निर्देशन, केशव राज भट्टको कोरियोग्राफी, एलिस कार्कीको ब्याकराउण्ड म्युजिक, प्रशान्त सिवाकोटीको संगीत, अमित श्रेष्ठको साउण्ड डिजाइन, अनन्त घिमिरेको सम्पादन तथा कलर संयोजन रहेको छ । चलचित्रलाई देशभर आर.आर फिल्म्सले वितरण गर्नेछ । चलचित्रको डिजिटल अधिकार म्युजिक नेपालले लिएको छ ।

*-इहिमालय टाइम्स डटकम*

# आज कोजाग्रत व्रत




**पाल्पा,** असोज २९/नेपालीले भव्यरूपमा मनाउने दुर्गा पक्ष अर्थात् बडादसैं पर्व धनधान्य एवं सम्पन्नताकी देवी महालक्ष्मीको पूजाआराधनासहित रातिमा जाग्राम बसेपछि आजदेखि समापन हुँदैछ ।

आश्विन शुक्ल पूर्णिमाका दिन मनाइने कोजाग्रत व्रतमा आज साँझ सम्पन्नताकी देवी महालक्ष्मीको पूजाआराधना गरी रातभर जाग्राम बसेर मनाएसँगै १५ दिन लामो दसैं सकिन्छ । शास्त्रअनुसार गर्नुपर्ने सबै बलिपूर्ति अर्थात् अखिल बलिपूर्तिको काम पनि आजै समापन हुने नेपाल पञ्चाङ्ग निर्णायक समितिले जनाएको छ । अखिल बलिपूर्ति भएसँगै विजयादशमीदेखि सुरु भएको नवदुर्गाको प्रसादस्वरूप टीका र जमरा लगाई मान्यजनबाट आशीर्वाद लिने क्रम पनि आजैदेखि समाप्त हुन्छ । आजै जमरालाई नजिकको नदी, तलाउ, पोखरी आदि तीर्थस्थलमा लगी सेलाइन्छ । आश्विन शुक्ल प्रतिपदाका दिनदेखि सुरु भएको दुर्गा पक्ष अर्थात् दसैं पर्व आम नेपालीले आ-आफ्नो गच्छेअनुसार मनाउँछन् । आजको दिन सायंकालमा महालक्ष्मीको पूजा आराधना गरी राति जाग्राम बसेको मानिसका घरमा पृथ्वी भ्रमण गर्दै हिँडेकी महालक्ष्मी प्रवेश गरी धन, ऐश्वर्य दिई सम्पन्न बनाउँछिन् भन्ने धार्मिक विश्वासका आधारमा यो पर्व मनाउन सुरु गरिएको हो । कोजाग्रत पूर्णिमा आज परे पनि पूर्णिमा व्रत भने बुधबार रहेको समितिले जनाएको छ । माता दुर्गाका तीनवटा रूपमध्येको एक रूप महालक्ष्मीको पूजा गरेर आज दुर्गा पक्षलाई बिदा गरिन्छ । नवरात्र विजयादशमीकै दिन सकिने भए पनि दुर्गा पक्ष भने आश्विन शुक्ल पूर्णिमाका दिनमा समाप्त हुन्छ । लक्ष्मीपूजाको १५ दिनअघि महालक्ष्मीको आराधना गरिने भएकाले यस पर्वको विशेष महत्व छ । यो पूर्णिमालाई कौमुदी पनि भनिन्छ । आज राति जुवा खेल्ने विधानसमेत रहेको छ । महालक्ष्मीसँगै आज हात्तीमा चढेका इन्द्रको पनि पूजा गर्नुपर्छ । महालक्ष्मीको व्रत गर्न गरिने कर्म मध्यरातमा पूर्णिमा भएका दिन गरिन्छ ।

## बाहिरियो मनसुन...

...महाशाखाका अनुसार पाल्पा, काठमाडौंसहित देशका अधिकांश स्थानमा ह्वात्तै तापक्रम घटेको छ । पोस्ट मनसुनपछि चिसो मौसम सुरु हुने भएकाले आवश्यक सतर्कता अपनाउन सबैमा अनुरोध गरिएको छ ।

लुम्बिनी, सुदूरपश्चिम, कर्णाली र गण्डकी प्रदेशमा पश्चिमी वायुको प्रभाव सामान्य र कोशी प्रदेश, मधेस र बाग्मती प्रदेशमा आंशिक प्रभाव पर्नुका साथै स्थानीय वायुको पनि आंशिक प्रभाव रहेको महाशाखाले जनाएको छ । सामान्यत: डिसेम्बरदेखि फेब्रुअरीसम्म जाडो याम मानिन्छ । तर यस वर्ष अक्टोवरको आधा महिनामै चिसो बढ्न थालेको हो । निरन्तर चिसो बढ्न थालेपछि सतर्कता अपनाउन चिकित्सकहरूले समेत सुझाव दिएका छन् । उनीहरुले विशेष गरी बालबालिका र वृद्ध वृद्धाको खानपान र लगाउने कपडाहरूमा विशेष ध्यान पुऱ्याउन सुझाव दिएका छन् । चिसो मौसममा स्वास्थ्यको विशेष ख्याल राख्न चिकित्सकले आग्रह गरेका छन् ।

जाडो मौसम शुष्क हुने भएकाले बाहिर धुलो उड्ने र जीवाणुको प्रसारण पनि छिटो हुने भएकाले आक्रमण पनि छिटो हुने उनीहरुको भनाई छ । चिसो समयमा वातावरणमा उत्पन्न भाइरसले छिटो आक्रमण गर्छ । चिसोमा सकेसम्म तातो पानी, झोलजन्य खानेकुरा र सुप पर्याप्त मात्रामा खानुपर्छ । जाडोका कारण पानी कम प्रयोगमा ल्याउँदा अन्य स्वास्थ्य समस्या निम्तिन सक्छन् । चिसो बढ्न थालेपछि त्यसबाट बच्न सबैले सतर्कता अपनाउन आवश्यक रहेको चिकित्सकहरुको सुझाव छ । जल तथा मौसम विज्ञान विभागले समेत हाल खडेरी, बाढी, पहिरो, शीत लहर, लु (तातो हावा) आदि मौसम तथा जलवायुजन्य विपदबाट हुने क्षति न्यूनीकरण तथा प्रतिकार्यको लागि मौसम तथा जलवायु अनुगमन तथा पूर्वानुमान गरिरहेको छ ।

विभागले बढ्दो विषम जलवायु घटनाहरूलाई विचार गर्दै भारी वर्षा, चिसा दिन तथा शीतलहर र तातो दिनको अनुगमन तथा चेतावनी प्रणाली सार्वजनिक गर्दै आएकाले पनि ठूलो परिमाणमा क्षति हुनबाट भने कम हुँदै गएको छ ।

## सुपा देउराली पुग्न...

...जिल्ला सदरमुकाम जोड्ने जिल्लाको पुरानो र महत्वपूर्ण गोरुसिङ्गे-सन्धिखर्क सडकको लाहुरे बजारदेखि सुपा मन्दिरसम्म करिब तीन सय मिटर खण्ड कडा चट्टान र भिरालोका कारण साँघुरो भई यातायात आवागमनमा निकै कठिनाइ ब्यहोर्नु परेको अवस्था थियो । सडक डिभिजन कार्यालयबाट रक एन्चोर्जसहित पर्खाल निर्माणको काम सम्पन्न भएको हो । गोरुसिङ्गेबाट सदरमुकाम सन्धिखर्कसम्म सडकको दूरी ६८ किलोमिटर छ । सडक विस्तारसँगै अर्घाखाँचीको सन्धिखर्क नगरपालिका र शीतगङ्गा नगरपालिकाको सिमानामा रहेको सुपा देउरालीमा आउने धार्मिक पर्यटकको संख्यामा वृद्धि हुने अपेक्षा गरिएको सुपा देउराली मन्दिर संरक्षण समितिका सचिव हरि खनालले बताए ।

सुपा देउराली नजिकै रहेको नरपानीको डाँडाबाट धेरै हिमाल देख्न पाइन्छ । मनमोहक दृश्यहरु देख्न पाइने हुँदा गर्मीयाममा तराईबाट गर्मी छल्न यहाँ धेरै पर्यटक आउने गर्छन् । मन्दिरको दर्शन गर्न अर्घाखाँची, कपिलवस्तु, दाङ, प्यूठान, गुल्मी, रुपन्देहीबाट बढी मात्रामा पर्यटक आउने गर्छन् भने भारतको उत्तर प्रदेश, विहारबाट समेत आउने धार्मिक पर्यटकहरुको संख्या ठूलो रहेको सचिव खनालको भनाइ छ । यहाँ आएका धार्मिक पर्यटकलाई खाँचीकोट हुँदै, एसियाकै सबैभन्दा ठूलो भगवती देवीको मूर्ति रहेको अर्घा भगवती मन्दिर र अर्घा दरबार क्षेत्रमा लैजाने कार्ययोजना नगरपालिकाले बनाएर काम अगाडि बढाएको सन्धिखर्क नगरपालिकाका प्रमुख कृष्णप्रसाद श्रेष्ठले बताए । सुपा देउरालीको दर्शन गरेपछि मनले चिताएको पुग्ने धार्मिक विश्वास छ । कुनै अप्ठ्यारो समस्या आएको बेलामा सुपा देउरालीलाई भाकल गरे समस्या टर्ने जनविश्वास रहेको पाइन्छ । यहाँ पाठी, बोका, भाकल गरी बलि चढाइन्छ । *-रासस*

### खेलकुद समाचार

## च्याम्पियनशिपका लागि बंगलादेशको टोली नेपालमा



**काठमाडौं,** असोज २९/साफ महिला च्याम्पियनशिप फुटबलका लागि बङ्गलादेशको टोली नेपाल आइपुगेको छ । बङ्गलादेशको टोली मंगलबार दिउँसो काठमाडौं आइपुगेको अखिल नेपाल फुटबल सै (एन्फा) ले जनाएको छ ।

साफ महिला च्याम्पियनशिप खेल्न अइपुग्ने बङ्गलादेश तेस्रो टोली हो । सोमबार माल्दिभ्सको टोली र आइतवार पाकिस्तानको टोली काठमाडौं आइपुगेको हो । भारत र श्रीलङ्काको टोली मंगलबारनै र भुटानको टोली आज आइपुग्ने एन्फाले जनाएको छ । त्रिपुरेश्वरको दशरथ रङ्गशालामा हुने महिला साफ च्याम्पियनशिपमा आयोजक नेपालसहित माल्दिभ्स, पाकिस्तान, श्रीलङ्का, भारत, भुटान र बङ्गलादेश गरी सात वटा देशले प्रतिस्पर्धा गर्नेछन् । सात वटा टोलीलाई दुई समूहमा विभाजन गरिएको छ । नेपाल रहेको समूह 'बी' मा श्रीलङ्का, माल्दिभ्स र भुटान पनि छन् । यस्तै समूह 'ए' मा भारत, पाकिस्तान र बङ्गलादेश छन् । नेपालमा तेस्रो पटक आयोजना हुन लागेको प्रतियोगिता कात्तिक १४ गतेसम्म चल्ने छ । प्रतियोगिताको उद्घाटन खेलमा कात्तिक १ गते भारत र पाकिस्तानबीच प्रतिस्पर्धा हुनेछ । आयोजक नेपालले भने कातिक २ गते भुटानसँग खेल्दै प्रतियोगिताको शुरुआत गर्ने छ । नेपाल अहिलेसम्म पाँच पटक साफ महिला च्याम्पियनशिपको फाइनलमा पुगे पनि उपाधि जित्न सकेको छैन । महिला साफ च्याम्पियनशिपको सबैभन्दा सफल टोली भारतले पाँच पटक उपाधि जितेको छ । यस्तै बङ्गलादेशले एक पटक उपाधि जितेको छ ।

**वर्गिकृत डिस्प्ले**

*१X५ साइजमा मात्र*

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१

### अर्थ/कर्पोरेट समाचार

## सुन तोलामा एक हजार ४ सयले बढ्यो




**पाल्पा,** असोज २९/दशैं बिदापछिको पहिलो दिन मंगलबार सुनको भाउ बढेको छ । नेपाल सुनचाँदी व्यवसायी महासंघका अनुसार एक हजार ४ सयले प्रति सुनको भाउ बढेको हो ।

सोहीदिन सुनको भाउ तोलामा एक लाख ६० हजार पाँच सय रुपैयाँमा कारोबार भइरहेको नेपाल सुनचाँदी व्यवसायी महासंघले जनाएको छ । दशैं बिदाअघि असोज २३ गते बुधवार सुनको भाउ तोलामा एक लाख ५९ हजार एक सय रुपैयाँ रहेको थियो । त्यस्तै चाँदीको भाउ पनि मंगलबार बढेको छ ।

सोहीदिन चाँदी तोलामा २५ रुपैयाँले बढेर एक हजार नौ सय २५ रुपैयाँमा कारोबार भइरहेको महासैले जनाएको छ । दशैं बिदाअघि चाँदीको भाउ तोलाको एक हजार नौ सय रुपैयाँ थियो ।

**धुम्रपान तथा सुर्तीजन्य पदार्थ सेवनका असर**

- दम, निमोनिया, ब्रोन्काईटिसजस्ता श्वासप्रश्वाससम्बन्धी समस्या देखा पर्ने,
- बारम्बार रुघाखोकी लाग्ने,
- कानको संक्रमण भई श्रवण शक्ति कम हुने,
- क्यान्सरको सम्भावना बढ्ने भएकोले,

*धुम्रपान तथा सुर्तीजन्य पदार्थको सेवन आफू पनि नगरौं, अरुलाई पनि गर्नबाट निरुत्साहित गरौं ।*

नेपाल सरकार
**विज्ञापन बोर्ड**

**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**



जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com डिजिटल पत्रिका

कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई